सानिमा विकास बैंक लिमिटेड
SANIMA BIKAS BANK LIMITED
(Promoted by Non-Resident Nepalese)

banking simplified

Head Office: Nagpokhari, Naxal, Kathmandu.
Phone No. 4428979 / 4428980, Email: sanima@sanimabank.com.
Url : www.sanimabank.com

# Unaudited Financial Results (Quarterly)

**As at First Quarter ended on 30 Aswin 2068 (17/10/2011) of the Fiscal Year 2011/2012 (2068/69)** *Figure in '000*

| S.N. | Particulars | This Quarter Ended (30.06.2068/17.10.2011) | Previous Quarter Ended (31.03.2068 / 16.07.2011) - Audited | Corresponding Previous Year Quarter Ended (31.06.2067 / 17.10.2010) |
|---|---|---|---|---|
| 1 | **Total Capital and Liabilities (1.1 to 1.7)** | **9,229,143** | **9,363,381** | **8,203,667** |
| 1.1 | Paid Up Capital | 2,016,000 | 2,016,000 | 806,400 |
| 1.2 | Reserve and Surplus | 133,043 | 92,611 | 98,580 |
| 1.3 | Debenture and Bond | - | - | |
| 1.4 | Borrowings | 15,000 | 658,000 | 857,340 |
| 1.5 | Deposits (a+b) | 6,843,704 | 6,356,737 | 6,198,412 |
| | a. Domestic Currency | 6,731,640 | 6,287,791 | 6,018,814 |
| | b. Foreign Currency | 112,064 | 68,947 | 179,598 |
| 1.6 | Income Tax Liability | 8,008 | - | 9,071 |
| 1.7 | Other Liabilities | 213,389 | 240,033 | 233,864 |
| 2 | **Total Assets (2.1 to 2.7)** | **9,229,143** | **9,363,381** | **8,203,667** |
| 2.1 | Cash & Bank Balance | 708,077 | 526,307 | 451,061 |
| 2.2 | Money at Call and Short Notice | 666,987 | 1,049,936 | 1,062,086 |
| 2.3 | Investments | 1,084,444 | 916,653 | 686,282 |
| 2.4 | Loans and Advances | 6,209,999 | 6,371,324 | 5,504,342 |
| | a. Real Estate Loan | 1,526,240 | 1,489,744 | 1,753,704 |
| | 1. Residential Real Estate Loan (Except Personal Home Loan up to Rs. 80 lacs) | 789,436 | 752,207 | 891,924 |
| | 2. Business Complex & Residential Apartment Construction Loan | 61,357 | - | - |
| | 3. Income Generating Commercial Complex Loan | - | - | - |
| | 4. Other Real Estate Loan (Including Land Purchase and Plotting) | 675,447 | 737,537 | 861,781 |
| | b. Personal Home Loan of Rs. 80 Lacs or Less | 275,823 | 249,705 | - |
| | c. Margin Type Loan | 60,942 | 117,480 | 88,795 |
| | d. Term Loan | 1,086,252 | 958,700 | 588,567 |
| | e. Overdraft Loan/TR Loan/WC Loan | 1,900,153 | 2,241,801 | 1,838,626 |
| | f. Others | 1,360,589 | 1,313,895 | 1,234,650 |
| 2.5 | Fixed Assets | 402,487 | 361,072 | 347,255 |
| 2.6 | Non Banking Assets | - | - | - |
| 2.7 | Other Assets | 157,149 | 138,088 | 152,641 |
| **3** | **Profit and Loss Account** | **Up to This Quarter** | **Up to Previous Quarter** | **Up to Corresponding Previous Year Quarter** |
| 3.1 | Interest Income | 280,158 | 1,038,457 | 212,007 |
| 3.2 | Interest Expense | 179,583 | 683,000 | 153,783 |
| | **A. Net Interest Income (3.1-3.2)** | **100,574** | **355,456** | **58,223** |
| 3.3 | Fees, Commission and Discount | 2,337 | 4,949 | 1,308 |
| 3.4 | Other Operating Income | 7,560 | 34,806 | 9,421 |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | (3,092) | 158 | 957 |
| | **B. Total Operating Income (A+ 3.3+3.4+3.5)** | **107,380** | **395,369** | **69,909** |
| 3.6 | Staff Expenses | 19,845 | 55,836 | 14,041 |
| 3.7 | Other Operating Expenses | 26,193 | 84,325 | 18,321 |
| | **C. Operating Profit Before Provision (B. -3.6-3.7)** | **61,342** | **255,207** | **37,547** |
| 3.8 | Provision for Possible Losses | 13,647 | 13,272 | 4,287 |
| | **D. Operating Profit (C.-3.8)** | **47,696** | **241,935** | **33,260** |
| 3.9 | Non Operating Income/Expenses (Net) | - | 348 | - |
| 3.10 | Write Back of Provision For Possible Loss | - | 2,161 | - |
| | **E. Profit from Regular Activities (D.+3.9+3.10)** | **47,696** | **244,444** | **33,260** |
| 3.11 | Extraordaniry Income/Expenses (Net) | - | - | - |
| | **F. Profit before Bonus and Taxes (E. +3.11)** | **47,696** | **244,444** | **33,260** |
| 3.12 | Provision for Staff Bonus | 4,336 | 22,222 | 3,024 |
| 3.13 | Provision For Tax | 13,008 | 67,001 | 9,071 |
| | **G. Net Profit/(Loss) (F. -3.12-3.13)** | **30,352** | **155,220** | **21,166** |
| **4** | **Ratios** | **At the End of This Quarter** | **At the End of Previous Quarter** | **At the End of Corresponding previous year Quarter** |
| 4.1 | Capital Fund to RWA | 29.82% | 28.41% | 15.35% |
| 4.2 | Non Performing Loan (NPL) to Total Loan | 0.97% | 0.004% | 0.07% |
| 4.3 | Total Loan Loss Provision to Total NPL | 128.49% | 22587.90% | 1465.07% |
| 4.4 | Cost of Fund (LCY) | 10.08% | 10.14% | 9.60% |
| 4.5 | Credit To Deposit Ratio (Calculated as per NRB Directives) | 70.83% | 76.67% | 80.39% |
| **5** | **Additional Information** | | | |
| 5.1 | Average Yield LCY | 12.47% | 12.84% | 12.05% |
| 5.2 | Net Interest Spread | 2.39% | 2.70% | 2.83% |
| 5.3 | Earning Per Share (Annualised) (Rs.) | 5.91 | 7.70 | 10.30 |
| 5.4 | Networth Per Share (Rs.) | 106.60 | 104.59 | 112.22 |
| 5.5 | Return on Equity (Annualised) | 5.54% | 7.36% | 9.18% |
| 5.6 | Return on Total Assets (Annualised) | 1.29% | 1.66% | 1.01% |
| 5.7 | Net Liquid Assets/Total Deposit | 31.79% | 26.57% | 26.07% |

Unaudited financial figures are subject to change from supervisory authority and external auditor.
Previous period figures have been regrouped/rearranged where necessary.

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०६५ को अनुसूची १४ (नियम २२ को उपनियम (२) सँग सम्बन्धित)

## आ.व.२०६८/६९ को प्रथम त्रैमासिक प्रतिवेदन

**१. वित्तीय विवरण**

(क) त्रैमासिक अवधिको वासलात, नाफा–नोक्सान सम्बन्धी विवरण ।
यस विकास बैंकको प्रथम त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण माथि प्रकाशन गरिएको छ ।

(ख) प्रमुख वित्तीय अनुपात

| अनुपात | यस त्रयमासमा | अघिल्लो त्रयमासमा | गत वर्षको यसै त्रयमासमा |
|---|---|---|---|
| प्रति शेयर आम्दानी (एन्युअलाईज्ड) | रु. ५.९१ | रु. ७.७० | रु.१०.३० |
| मुल्य आम्दानी अनुपात (२०६७/०२/२८ को मुल्य अनुसार) | ८४.०९ | ६४.५५ | ४८.२५ |
| प्रतिशेयर नेटवर्थ | रु. १०६.६० | रु. १०४.५९ | रु. ११२.२२ |
| प्रति शेयर कुल सम्पत्तीको मुल्य | रु. ४५७.७९ | रु. ४६४.४५ | रु. १,०१७.३२ |
| तरलता अनुपात | ३१.७९% | २६.५७% | २६.०७% |

**२. व्यवस्थापकीय विश्लेषण**

क) हाल सम्म यस विकास बैंकको वित्तीय स्थिति सन्तोषप्रद रहेको छ । चुक्ता पूँजी २ अर्ब १ करोड ६० लाख र पूँजीकोषको अनुपात २९.८२ प्रतिशत रहेको छ । कर्जा निक्षेप अनुपात ७०.८३ प्रतिशत राख्न बैंक सफल भएको छ । एकाग्रता जोखिम न्यूनीकरणमा संस्था सदैब सजग रहेको र कर्जा तथा निक्षेप विविधिकरणलाई प्रमुखताका साथ लिने गरिएको छ । तरलता अनुपात ३१.७९ प्रतिशत रहेकोले यस संस्थामा यथेष्ठ तरलता रहेको प्रमाणित गर्दछ ।

ख) आगामी अवधिमा व्यवसायिक संजाल वृद्धि, व्यवसाय विविधिकरण तथा ग्राहकमुखी सेवा प्रदान गर्ने उद्देश्य रहेको छ । साना तथा मझौला व्यवसाय र पिछडिएको क्षेत्रहरूमा लगानीलाई प्राथमिकता दिँदै आएको र आगामी दिनमा समेत प्राथमिकता दिईनेछ । गत आ.ब.मा देशका दुर्गम क्षेत्र लगायत विभिन्न ठाँउमा शाखा विस्तार गरेकोमा सोलाई निरन्तरता दिई काठमाण्डौ उपत्यका लगायत देशका अन्य स्थानमा शाखा विस्तार गर्ने योजना रहेको छ ।

ग) समिक्षा अवधिमा संस्थाको नाफा नोक्सान, नगद प्रवाह र तरलतालाई तात्विक प्रभाव पार्ने कुनै घटना घटेको पाईएन ।

३. कानुनी कारबाही सम्बन्धी विवरण
यस अवधि सम्ममा कानुनी कारबाही सम्बन्धी कुनै मुद्दा दायर नभएको ।

४. संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण
स्तरोन्नतीको क्रममा यस संस्थाको शेयर कारोबार रोक्का रहेकोले, २०६७ जेष्ठ २८ गते पछि यस संस्थाको शेयर कारोबार भएको छैन । शेयरको अन्तिम वजार मुल्य रु.४९७ रहेको छ । नेपाल राष्ट्र बैंकबाट यस विकास बैंकलाई स्तरोन्नती गरी "क" वर्गको बाणिज्य बैंकमा परीणत गर्न सैद्धान्तिक सहमतिपत्र प्राप्त भई सकेको हुँदा नेपाल राष्ट्र बैंकबाट कारोबार संचालनको अनुमति प्राप्त गर्ने प्रक्रियामा रहेको छ ।

**५. समस्या तथा चुनौती**

**क) आन्तरिक समस्या तथा चुनौति**
- चर्को मुल्य वृद्धिका कारण संचालन लागत उल्लेख्य रुपले वृद्धि हुनु ।
- मानव संशाधन विकास तथा सक्षम र दक्ष जनशक्तिलाई अन्यत्र जानबाट रोक्ने चुनौती ।

**ख) बाह्रय समस्या र चुनौती**
- तरलता अभावका कारण व्याजदरमा उत्पन्न प्रतिस्पर्धा
- तरल अर्थ–राजनीतिक व्यवस्था, देशमा व्याप्त शान्ति सुरक्षाको कमजोर स्थिति
- बजारमा दक्ष तथा अनुभवी जनशक्तिको अभाव
- लगानीका क्षेत्रहरू अपेक्षाकृत रुपमा विकास नहुनु
- बैंक तथा वित्तीय संस्थाको बढ्दो उपस्थितिले सिर्जना गरेको प्रतिस्पर्धात्मक स्थिति

**ग) रणनीति**
- प्रभावकारी जनशक्ति व्यवस्थापन लागु गरिनेछ ।
- लगानीका नयाँ क्षेत्रहरू विस्तार गरि लगानी विविधिकरण गर्दै लगिनेछ ।
- समय सापेक्ष प्रविधिमा आधारित नयाँ सेवाहरूको विकास गरि, ग्राहकमुखी सेवाहरू उपलब्ध गराउँदै लगिनेछ ।
- तरल अर्थ–राजनैतिक अवस्थालाई नजिकवाट मध्यनजर गर्दै साविक रणनीतिहरूलाई परिमार्जन गर्दै लगिनेछ ।

**६. संस्थागत सुशासन**

- बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०६३, नेपाल राष्ट्र बैंक द्वारा जारी गरिएका निर्देशन तथा परिपत्रहरूको पूर्ण रुपमा पालना गरिएको छ । संस्थागत सुशासनलाई सदैव उच्च प्राथमिकतामा राख्दै आएको र संस्थागत सुशासन सम्बन्धी निर्देशन तथा परिपत्रहरूको अक्षरस पालना गरिएको छ ।
- आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित गर्न लेखापरीक्षण समिति (Audit Committee) गठन गरिएको छ जसले बाह्रय र आन्तरिक लेखापरीक्षकबाट दिइएका सुझाव तथा निर्देशनहरूलाई कार्यान्वयन गराउनुका साथै, आन्तरिक नियन्त्रण प्रणालीलाई अझ सुदृढ बनाउन व्यवस्थापनलाई सल्लाह र सुझावहरू दिदै आइरहेको छ ।
- पूँजीकोष सम्बन्धि नयाँ मापदण्ड BASEL-II ले निर्दिष्ट गरे अनुरुप पूँजीकोष पर्याप्तता समानान्तर रुपमा लागु गरि सकिएको छ ।
- गैरकार्यकारी संचालकको अध्यक्षतामा गठित जनशक्ति उपसमितिले कर्मचारी व्यवस्थापनका सम्वन्धमा र जोखिम व्यवस्थापन उप समितिले बैंकको जोखिम व्यवस्थापन सम्बन्धमा संचालक समितिलाई आवश्यक सल्लाह र सुझावहरू उपलब्ध गराउँदै आइरहेको छ ।
- कारोबारलाई छिटो, छरितो, चुस्त तथा वैज्ञानिक बनाउन तथा अन्य आवश्यक रणनीति तय गर्न व्यवस्थापन समिति (MANCOM), कर्जा मुल्यांकन समिति (Credit Review Committee), सम्पत्ती/ दायित्व व्यवस्थापन समिति (ALCO) लगायतका विभिन्न समितिहरू क्रियासिल रहेका छन् ।
- नेपाल राष्ट्र बैंकको निर्देशन, स्थलगत निरीक्षण प्रतिवेदन, आन्तरिक तथा बाह्रय लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका सुझाव तथा निर्देशनहरूलाई यस विकास बैंकले सदैव पालना गर्दै आएको छ । संस्थागत सुशासनको पूर्ण पालना गर्दै यसलाई अझ सुदृढ बनाउँदै लैजान यस विकास बैंकको संचालक समिति र व्यवस्थापन प्रतिबद्ध रहेको छ ।

**७. सत्य तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानिकर्ताहरूलाई सुसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सुचना तथा जानकारीहरू लुकाइएको छैन ।

6 x 32 cm